**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २९ अगस्त २०२५**
**समयः १८:५० - १९:०० बजे** *(अवधि १० मिनट)*

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीको "मन की बात" कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ।

- नेपालमा विनाशकारी बाढ़ीमा मर्नेहरुको  संख्या छ सय छब्बीस पुगेको छ,पश्चिम बंगालबाट 37 जना सहित दुई हजार भन्दा मानिसहरु निखोज छन्।

- देशभरि आज महान हक्की खेलाडी मेजर ध्यान चन्दको जयन्तीको अवसरमा आज खेल दिवस मनाइँदैछ।मुख्यमन्त्री सुभेन्दु अधिकारीले 13 जना सफल खेलाडीहरुलाई नियुक्ति पत्र प्रदान गर्नुभएको छ |

- सिलगडी नगर निगमका आयुक्त तथा खाद्य निरीक्षकहरुले सयुक्त अभियान चलाएर खाद्य सामाग्रीहरु बनाउने कारखानाहरुमा स्वच्छता,सुद्धता तथा गुणवत्ताको जांच शुरु गरेका छन् |

- मौसम विभागले आगामी तिन दिनसम्म उत्तर बङ्गालका बिभिन्न भागहरुमा  मुसलधारे वर्षा हुने सम्भावना व्यक्त गरिएको छ।

**<u>मन की बात</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीको "मन की बात" कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 137 औं संस्करण हुनेछ।कार्यक्रमको प्रसारण आकाशवाणी  र दूरदर्शनका, सबै च्यानल, एआईआर न्यूज़को वेबसाइट र न्यूज़-अन-एयर मोबाइल ऐपमा पनि गरिनेछ।यस अतिरिक्त ए.आई.आर. न्यूज़, डीडी न्यूज़,, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा यसको प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारणको लगत्तै आकाशवाणीबाट क्षेत्रीय भाषाहरुमा पनि यो कार्यक्रम प्रसारित गरिनेछ।

**<u>नेपाल बाढ़ी</u>**

नेपालमा विनाशकारी बाढीबाट मृतकहरुको संख्या 6 सय 26 पुगेको छ भने दुई हजार भन्दा बढी मानिस अझै पनि बेपत्ता छन्। प्रभावित क्षेत्रहरूमा राहत र उद्धार कार्य जारी छ।उद्धार गरिएका मानिसहरूलाई सुरक्षित स्थानहरूमा सार्ने काम भइरहेको छ। यसैबीच, भारतले बाढी प्रभावित नेपाललाई मानवीय सहायता तीव्र पारेको छ।मानवीय सहायता सामग्रीका साथ तेस्रो विमान हिजो साँझ काठमाडौं पुग्यो। विदेश मन्त्रालयले अहिलेसम्म 320  भारतीय नागरिकहरुसित सम्पर्क हुन न सकेको जनाएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले नयाँ दिल्लीमा मीडियासितको कुराकानीमा भारतीय मूलका करिब 100 अन्य मानिसहरुसित पनि सम्पर्क नभएको बताउनुभयो।

**<u>एक रिपोर्ट -</u>**

*श्री जायसवालले भन्नुभयो त्रिशूली-1 जलविद्युत परियोजनामा कार्यरत 63 भारतीय भारतीय नागरिकलाई प्रभावित क्षेत्रबाट सुरक्षित बाहिर निकालिएको छ। श्री जायसवालले चीन तर्फका लगभग 400 भारतीय नागरिक सुरक्षित रहेको र उनीहरूका परिवारसित सम्पर्कमा रहेको पनि बताउनुभयो।उहाँले भन्नुभयो, एक नियंत्रण कक्ष  पनि स्थापना गरिएको छ।" काठमाडौँ र बिजिंग स्थित भारतीय दूतावासहरूले पनि 24 घण्टा हेल्पलाइन सुरु गरेका छन्।नियन्त्रण कक्षको टेलीफोन नम्बर यस प्रकार रहेको छ 011-23088718, 011-23088719 र 011-*

*23012113, व्हाट्सऐप नम्बर छ, 9968291988 ई-मेल हो, situationroom@mea.gov.in । काठमांडू स्थित भारतीय दूतावासको आपातकालीन नम्बर +977-9851316807, +977-9709107500 र +977-9810326117 बीजिंग स्थित भारतीय दूतावासको नम्बर हो +86-18514284905 ।*

**<u>नेपाल त्रासदी विबहारमा शव उद्धार</u>**

नेपालको रसुवामा भएको भीषण त्रासदीको प्रभाव बिहामर पनि देखिन थालेको छ। नेपालको यस बाढ़ त्रासदीमा बगेका शवहरू बिहार सम्म पुगिरहेका छनू। आज बिहारको महराजगंजमा नारायणी नदीको किनारमा चारवटा शवहरू उद्धार गरियो जो नेपालबाट बगेर आएको बताईएको छ। चार शवहरूमा तीन वटा शव नानीहरूको रहेको छ। यसका साथै बाढ़ीमा बगेर आएका मलवा , रूखपात, ढुंगा- बालुवा आदि पनि थुप्रिन थालेका छनू।

**<u>राष्ट्रिय खेल दिवस- पश्चिम बंगाल</u>**

मुख्यमंत्री शुभेन्दु अधिकारीले आज राज्य सचिवायलमा आयोजित १५ औ राष्ट्रिय खेल दिवसको अवसरमा राज्यका कैंयन प्रतिष्ठित अनि पदक विजेता खेलाड़ीहरूलाई सम्मानित गर्नुभयो। राज्य, राष्ट्रतथा अन्तराष्ट्रिय स्तरमा प्रतिभावन , पदक विजेता खेलाड़ीहरूलाई पुलिस र अन्य विभागमा नियुक्ति पत्र प्रदान गर्नुभयो। यस अवसरमा १३ जना प्रतिभावान खेलाड़ीहरूलाई सम्मान सहित नौकरीमा नियुक्तिपत्र प्रदान गर्नुभयो। यस अवसरमा बोल्दै उहाँले राज्य , राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तर सम्म खेल्ने तथा पदक विजेता खेलाड़ीहरूले देश र राज्यको नाम रोशन गरेको बताउनु भयो। राज्यको खेल विभागले राष्ट्रिय खेल दिवस समारोहको आयोजना गरेको थियो उहाँले भन्नुभयो आज जून सफल र प्रतिभाशाली खेलाड़ीहरूलाई सम्मान स्वरूप नियुक्ति पत्र प्रदान गरियो उनीहरूको नियुक्ति पत्र संबधित फाईल २०१५ देखि नै टिएमसी सरकारमा मुख्यमंत्रीले लम्बित राखेकी थिईन।

**<u>बंगाल - नेपाल अभियान</u>**

पश्चिम बंगाल सरकारले विदेश मन्त्रालयसित नेपालमा आएको बाढीमा बेपत्ता भएका राज्यका मानिसहरूको खोजी गर्न एक प्रतिनिधिमण्डल पठाउन अनुमति मागेको छ।मुख्यमन्त्री शुभेन्दु अधिकारीले अनुमति पाउने बित्तिकै काठमाडौंमा प्रतिनिधिमण्डल पठाइने बताउनुभयो।यसमा राज्यका एक मन्त्री, एक विधायक, एक महानिरीक्षक स्तरका पुलिस अधिकारी र भारतीय प्रशासनिक सेवाका एक वरिष्ठ अधिकारी सामेल हुनेछन्।हिजो साँझ भवानी भवनमा बेपत्ता व्यक्तिहरूका परिवारका साथ वर्चुअल बैठकपछि मुख्यमन्त्रीले यो जानकारी दिनुभयो।उहाँले पश्चिम बंगालबाट 37 जना बेपत्ता भएको बारे आधिकारिक जानकारी प्राप्त भएको बताउनुभएको छ।

**<u>Silgadi-food safety</u>**

मुख्यमन्त्री सुभेन्दु अधिकारीले खाद्य सुरक्षालाई लिएर Food inspector हरुलाई आदेशको अब पालन शुरु भएको छ | सिलगडी नगर निगमका आयुक्त तथा खाद्य निरीक्षकहरुले सयुक्त अभियान चलाएर खाद्य सामाग्रीहरु बनाउने कारखानाहरुमा स्वच्छता,सुद्धता तथा गुणवत्ताको जांच शुरु गरेका छन् |सिलगडी फुड सेफ्टी विभागले आज सिलगडीको बिभिन्न खाद्य निर्माण स्थलहरुको अचानक निरीक्षण गर्यो | निरीक्षण गर्दा सिलगडीको एक प्रख्यात मिठाई पसलमा खाने सर-सामान बनाउने कम्पनीको कारखानामा खाद्य सुरक्षा मानकहरुको उल्लंघन गरिएको भेट्टिए पछि त्येस कारखानालाई सिल गरी कानुनी कार्यवाही शुरु गरिएको छ | जाँचको क्रममा कारखानामा झिंगाहरु,फोहोर-मैला थुप्रिएको तथा साफ-सफाईको कमी रहेको भेट्टाएको छ | कारखानामा खाद्य-सामग्रीहरुमा झिंगा तथा अन्य किटाणुहरु पनि भेट्टिएको जानकारी खाद्य मानक सुरक्षा सम्बन्धित एक Food Inspector ले बताएका छन् |

**<u>मुख्यमंत्री- तारापीठ</u>**

पश्चिम बंगालका मुख्यमन्त्री सुभेन्दु अधिकारीले आज बिरभुम जिल्ला स्थित प्रसिद्ध तारापीठ मन्दिरको दर्शन पुजन गर्नुभयो | आज उहाँ तारापीठ पुग्नुभएको छ | हजारौंको संख्यामा मानिसहरुले उहालाई भब्य स्वागत जनाए | तारापीठ माता सतीको

आखा झरेको ठाउँ हो अनि 52 शक्तिपीठहरु मद्धे एक हो |मुख्यमन्त्रीले राज्यबासीहरुको खुशियाली तथा सुख- समृद्धि अनि शान्तिको कामना गर्नुभएको छ |

**NJP-पुरानो नोट**

पांच सय अनि हजार रुपियाँको पुरानो नोटहरुको ठुलो खेप लिएर रेलगाडीमा यात्रा गरिरहेका एक युवकलाई सिलगडी जीआरपी अनि न्यू जलपाईगडी (एनजेपी) जीआरपी को पुलिसले पक्राउ गरेको छ । पुलिस सूत्रहरु अनुसार, एक गुप्त सूचनाको आधारमा सिलगडी जीआरपी को एसओजी अनि एनजेपी जीआरपी को पुलिस टीमले न्यू जलपाईगडी स्टेशनमा अभियान चलाए । जांचको अवधि पुलिसले संदिग्ध अवस्थामा आरोपीलाई पक्रेर सोधपुछ गरे अनि उसको बैगको जांच गर्दा पुरानो 500 अनि 1000 रुपियाँको नोटको बिटा फेला पारे ।

**BGPM**

आगामी 9 सेप्टेम्बरमा खरसाङको मन्टिभियट खेल मैदानमा हुने भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको स्थापना दिवसलाई लिएर केन्द्रीय समितिको सांगठनिक सभा खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ।

**मौसम**

बङ्गालको खाड़ीमा फेरि नयाँ निम्न दबाव क्षेत्र विकसित हुने सम्भावा छ। यसको प्रभावले पश्चिम बङ्गालको व्यापक क्षेत्रमा हुरी-बतासको क्रम जारी रहने अनुमान व्यक्त गरिएको छ। मौसम विभागले दक्षिण बङ्गालका केही जिल्लाहरूमा भारी वर्षा हुने चेताउनी जारी गरेको छ। कोलकातामा पनि वर्षा हुने सम्भावना छ भने उत्तर बङ्गालमा वर्षाको गतिविधि बढ्नसक्छ। अलिपुर मौसम विभाग अनुसार, उत्तर बङ्गालको खाड़ीमाथि एक चक्रवाती परिसञ्चरण विकसित भएको छ जुन समुद्र तलदेखि 7.6 किलोमीटर माथिसम्म फैलिएको छ। उत्तर बङ्गालमा पनि मुसलधारे पानी पर्ने सम्भावना व्यक्त गरिएको छ। भोली आइतवार जलपाईगडीमा भारी वर्षा हुने सम्भावना छ भने सोमवार दार्जीलिङ, कालेबुङ र अलिपुरद्वारमा 7- देखि 11 सेन्टीमीटरसम्म वर्षा हुनसक्छ।

**राष्ट्रीय खेल दिवस**

देशभरि आज महान हक्की खेलाडी तथा पद्मभूषण पुरस्कार विजेता मेजर ध्यान चन्दको जयन्तीको अवसरमा आज खेल दिवस मनाइँदैछ।राष्ट्रिय खेल दिवस 2026 को तीन दिवसीय राष्ट्रव्यापी अभियानको रूपमा मनाइँदैछ। उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले मेजर ध्यानचंदलाई श्रद्धांजलि अर्पित गर्नुभयो।

,,,,,,,,,